म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१४ अङ्क:- १८९ २०८० जेठ २० गते शनिबार 3 June 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

### ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालक घाइते

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–६, चुच्चेखोलास्थित कान्तिलोकपथ सडकखण्डमा ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालक गम्भीर घाइते भएका छन्। बिहीबार भित्री बाटोबाट हाइबेमा निस्कँदै गरेको ना ४ त ६९३९ नम्बारको ट्क्याक्टर र चौघडा बजारतर्फबाट चुच्चेखोलातर्फ जाँदै गरेको ना २० प ५४७९ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनामा घाइते हुनेमा चुच्चेखोलाका २७ वर्षीय रञ्जित फुयाँल रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। घाइते फुयाँलको उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो। अवस्था गम्भीर भएपछि फुयाँललाई थप उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएको छ । मोटरसाइकल र ट्याक्टर नियन्त्रणमा रहेको तर ट्याक्टर चालक फरार रहेको प्रहरीले जनाएको छ ।

### नीति तथा कार्यक्रमाथि छलफल सकियो

# सुझावको सम्बोधन नभए सदन अवरुद्ध गर्छौं: एमाले

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि प्रदेशसभामा छलफल सकिएको छ । छलफलमा प्रदेशसभा सदस्यहरुले दिएको सुझाव सम्बोधन गरेर नीति तथा कार्यक्रम पुनर्लेखन गरेर पुनः जारी नभए नेकपा एमालेले सदन अवरुद्ध गर्नसक्ने चेतावनी दिएको छ । बागमती प्रदेशको नीति तथा कार्यक्रममाथि छलफलको तेश्रो दिन प्रदेशसभा बैठकमा बोल्दै प्रदेशसभा सदस्य ज्ञानबहादुर तामाङले यस्तो धारणा राख्नुभयो ।

बैठकमा तामाङले नीति निर्माण गर्दा राजनीतिक बेइमानी गर्न नहुने कुरामा जोड दिनुभयो । नीति तथा कार्यक्रममा छलफल गर्दा प्रतिपक्षहरुले उठाएको कुराको सुनुवाई नभएको बताउँदै बैठकमा सवालको जवाफमात्र दिने भएकाले आफ्ना कुरा समावेश हुने नदेखिएको बताउनुभयो । नीति तथा कार्यक्रम निर्माण गर्दा सुझाव संकलन गरेर सुझावअनुसार परिमार्जन गरेर नीति तथा कार्यक्रम पारित हुने व्यवस्था एमालेले चाहेको उहाँको भनाई छ ।

'बागमती प्रदेश सरकारले न त दूरगामी प्रभाव पारेर प्रदेशलाई समृद्ध बनाउने खाका प्रस्तुत गर्न सक्यो, न त वर्तमान विषम परिस्थितिबाट प्रदेशले निकास पाउने मार्गचित्रण गर्न सक्यो', उहाँले भन्नुभयो– 'जनतालाई ढाँट्ने कर्मकाण्डी नीति तथा कार्यक्रम निर्माण गरेको, प्रकृया पूरा गर्ने भक्तिपुराणजस्तो नीति तथा कार्यक्रम भएको, कार्यक्रम निर्माण गर्दा सरकारले सुझाव संकलन गर्न सकेको छैन ।' नीति तथा कार्यक्रम उच्च महत्वाकांक्षी देखिएको भन्दै उहाँले भूगोलको आधारमा काम समयमा सक्नुपर्नेमा जोड दिनुभयो ।

बैठकमा प्रदेशसभा सदस्य कृष्ण खनालले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा प्राविधिक त्रुटी भएको भन्दै त्यस्ता त्रुटी हुन नहुने बताउनुभयो । शिक्षाको विकास गर्न सरकारी ओहोदामा बसेकाहरुले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । प्रदेश सरकारले उत्पादन भएको कृषकको उत्पादित वस्तु बिक्री गर्न बजारको व्यवस्था गर्नुपर्ने भन्दै त्यसो गर्न नसके सरकारले नै खरिद गर्न सक्नुपर्ने उहाँले जोड दिनुभयो ।

प्रदेशसभा सदस्य रमा आले मगरले नीति तथा कार्यक्रम निर्माण गर्दा बागमती प्रदेश सरकारले सबै पक्ष समेटेको बताउँदै बहुवर्षीय योजना कार्यान्वयन नभएकाले समेटेर जानुपर्ने बताउनुभयो । प्रदेशमा अटिजमसँग सम्बन्धित विद्यार्थीहरुलाई विद्यालयको व्यवस्थापन गर्नुपर्ने बताउँदै स्वास्थ्य प्रवर्द्धनका लागि क्यान्सर, मृगौला पीडित बिरामीको लागि सुविधासम्पन्न अस्पतालको निर्माण गर्नुपर्ने माग राख्नुभयो । प्रदेशमा पछिल्लो समयमा कक्षा १२ पछि विद्यार्थी विदेश जाने प्रवृत्ति रोक्न आवश्यक रहेको जोड दिनुभयो । कृषिमा विषादी धेरै प्रयोग भएकाले त्यसको विकल्पमा अन्य औषधी खोज्नुपर्ने उहाँको भनाई छ । सरकारले वन संरक्षण गर्दै आएकोमा र अबका दिनमा उपयोग गर्न आवश्यक रहेको बताउँदै वनमा ढलेर कुहिएर गएको काठ उपयोग गर्ने नीति बनाउनु आवश्यक रहेको औंल्याउनुभयो ।

बैठकमा बोल्दै प्रदेशसभा सदस्य मायाकुमारी कार्कीले नीति तथा कार्यक्रममा पहिलेको सरकारले ल्याएको नीति छुटेको बताउनुभयो । प्रदेश सरकारले भौतिक पूर्वाधारको काम अपूरो भएकोलाई पूरा गर्नुपर्ने बताउँदै सरकारले निम्न तहका अपाङ्गता भएकाहरुको निःशुल्क स्वस्थ्यमा बीमा गर्ने कार्यक्रम ल्याएकोमा प्रशंसा गर्नुभयो । सरकारले स्वयम्सेविकालाई बैठक भत्तामात्र दिने गरेकोमा मासिक भत्ता दिने व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । किसानले उत्पादन गरेको वस्तु बिक्री वितरणका लागि सरकारले बजारीकरण र भण्डारण गरेर राख्ने व्यवस्था मिलाउनुपर्नेमा जोड दिँदै ग्रामीण भेगका महिलाहरुलाई रोजगारीको अवसर दिनुपर्ने उहाँको भनाई छ ।

बैठकमा प्रदेशसभा सदस्य राजु विष्टले प्रदेश सरकाको नीति तथा कार्यक्रममा समावेश भएको साँखु–फड्केश्वर सुरुङमार्ग बनाउने कार्य स्वागतयोग्य रहेको बताउँदै बाटो पूर्णरुपमा बनाउन आवश्यक रहेको उहाँको भनाई छ । सरकारले सन् २०२४ मा पर्यटन वर्ष मनाउने भनिएकोमा पूर्वतयारीका लागि पर्यटकलाई आकर्षण गर्न जिपलाइन बनाउन आवश्यक रहको, रिभर करिडोर बनाउन आवश्यक रहेको बताउनुभयो । धर्म र पर्व हाम्रो गर्व भन्ने नारा रहेको बताउँदै बागमती प्रदेश सरकारले गुम्बा, मठ मन्दिर, गुठी संरक्षण गर्न आवश्यक नीति ल्याउनुपर्नेमा जोड दिनुभयो ।

नीति तथा कार्यक्रमले सबै समेट्न खोजेको बताउँदै प्रदेशसभा सदस्य मायादेवी शर्माले सरकारले बजेट विनियोजन पनि यही ढंगबाट गर्नुपर्ने माग गर्नुभयो । सरकारले सूचना प्रविधिको उपयोग भनेर बागमती प्रदेशको सम्पूर्ण कार्य वेवसाइटमा देखाउने भनिएता पनि सरकाले कार्यान्वयनमा ल्याउन सक्नुपर्नेमा उहाँले जोड दिनुभयो । सरकारले एकल महिलाको हितको कानुन निर्माण गर्नुपर्ने, बाँदर आतङ्क प्रविधियुक्त ढंगले नियन्त्रण गर्नुपर्ने, युवालाई विदेशबाट फर्केपछि नभई विदेश जान नपर्ने वातावरण बनाउन आवश्यक रहेको, प्रदेशका गाउँपालिकालाई नमुना गाउँपालिका बनाउन आवश्यक रहेकोमा जोड दिनुभयो ।

बागमती प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम मायाजालको शब्दले भरिएको प्रदेशसभा सदस्य कृष्णप्रसाद सिलवालले बताउनुभएको छ । प्रदेशले सुशासन दिन सक्नुपर्ने बताउँदै विद्यार्थी, कृषक, अल्पसंख्यकहरुलाई बागमती प्रदेश सरकारले काम गर्न सक्छ भन्ने अनुभूति हुने खालको काम गर्न सक्नुपर्नेमा जोड दिनुभयो । प्रदेशसभा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको छ ।

### राष्ट्रिय पुरुष भलिबल

# उपाधिका लागि आर्मी र एपीएफ भिडने



नेपाल आर्मीका स्पाइकर स्पाइटक सट हान्दै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी खुला पुरुष भलिबल प्रतियोगिताको उपाधिका लागि विभागीय टोली नेपाल आर्मी र सशस्त्र प्रहरीको एपीएफ क्लबबीच भिडन्त हुने भएको छ । शुक्रबार भएको सेमीफाइनल खेलमा गण्डकी प्रदेशलाई पराजित गर्दै एपीएफ फाइनल प्रवेश गरेको हो भने नेपाल आर्मीले नेपाल पुलिसलाई पराजित गर्दै फाइनल प्रवेश गरेको हो ।

फाइनलमा एपीएफ र आर्मी बीचको खेल रोमाञ्चक हुनेछ । समूह चरणमा एपीएफ र आर्मी दुवै विजेता टिम हो । हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको खेलमा एपीएफले गण्डकीविरुद्ध उत्कृष्ट पुनरागमन गर्दै जित निकाल्न सफल भयो । पहिलो दुई सेट १८-२५ र १५-२५ ले पराजित भएको एपीएफले बाँकी ३ सेट लगातार २५-१९, २५-२३ र १५-१० ले जित्दै फाइनल प्रवेश गरेको हो । म्यान अफ द म्याच एपीएफका सुवास कुँवर घोषित भए ।

पहिलो सेमीफाइनल खेलमा नेपाल आर्मीले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा सहजै पराजित गरेको थियो । पहिलो सेट २५-१९ ले आफ्नो पक्षमा पारेको आर्मीले दोस्रो सेट २३-२५ ले गुमाएको थियो । दोस्रो सेट नेपाल पुलिसले जितेपछि प्रतिस्पर्धात्मक खेल हुने अपेक्षा विपरित तेस्रो र चौथो सेट आर्मीले सहजै आफ्नो पक्षमा पार्दै फाइनल यात्रा तय गरेको हो । आर्मीले तेस्रो सेट २५-१३ ले र चौथो सेट २५-१५ ले आफ्नो पक्षमा पार्दै उपाधि नजिक पुगेको हो । म्यान अफ द म्याच आर्मीका सनोज चौधरी घोषित भए ।

शनिबार बिहान फाइनल खेल हुनेछ । प्रतियोगिताको उपाधि विजेताले नगद २ लाख रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद १ लाख रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिता स्वर्गीय केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबलको संयुक्त आयोजनामा भएको हो । प्रतियोगिताको मुख्य प्रायोजक हेटौंडा उपमहानगरपालिका रहेको छ । प्रतियोगितामा मकवानपुर भलिबल संघसहित ७ वटा टिमको सहभागिता रहेको थियो ।

## बकैयाका विद्यालयमा एक साता बिदा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाले उच्च गर्मीका कारण एक साताका लागि विद्यालयमा विदा दिने निर्णय गरेको छ । शुक्रबार गाउँ शिक्षा समितिको बैठकले एक साताका लागि पालिकाका सवै विद्यालय विदा गर्ने निर्णय गरेको सूचना प्रकाशित गरेको छ । जेठ २१ गतेदेखि २७ गतेसम्म एक साताका लागि विद्यालय विदा दिने निर्णय भएको सूचनामा उल्लेख छ । अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा समस्या सिर्जना भई विद्यालयको पठनपाठनमा नकारात्मक असर परिरहेको अवस्थालाई मध्य नजर गरी विदा दिने निर्णय गरिएको पालिकाले जनाएको छ ।

## कांग्रेस भ्रष्टाचारी जोगाउन अग्रसर भयो: नेता शिवाकोटी

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले पार्टीले भ्रष्टाचारका विषयमा स्पष्ट धारणा सार्वजनिक गर्न नसेकेको गुनासो गर्नुभएको छ । शुक्रबार मकवानपुरको दामनमा नेपाल प्रेस युनियन मकवानपुरद्वारा आयोजित कार्ययोजना निर्माण तथा अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै शिवाकोटीले पार्टीले भ्रष्टाचारका विषयमा स्पष्ट धारणा बनाउन नसकेको र भ्रष्टाचारी जोगाउनेतर्फ अग्रसर भएको बताउनुभयो ।

भ्रष्टाचार आरोप लगाएका व्यक्ति पार्टीले निलम्बन नगरेर जोगाउने काम गरेको उहाँको भनाई छ । उहाँले नेतृत्वको कमजोरीका कारण विगत ८ महिनादेखि केन्द्रीय समितिको बैठक बस्न नसकेको बताउनुभयो । यथाशिघ्र पार्टीको केन्द्रीय समिति बैठक राखेर भ्रष्टाचार विरुद्धमा स्पष्ट धारणा निर्माण गर्नुपर्ने र आरोप लागेका व्यक्तिहरुलाई निलम्बन गरेर अनुसन्धानमा सघाउन उहाँले माग गर्नुभयो ।

पार्टी सभापतिसँग स्पष्ट बहुमत हुँदाहुँदै पनि जिम्मेवारी र जवाफदेहीताबाट भाग्ने काम भइरहेको उहाँले बताउनुभयो । नेतृत्वको कारणले पार्टीको २८ हजारभन्दा बढी मतदातामा वितृष्णा छाएको भन्दै यसतर्फ गम्भीर हुनुपर्ने उहाँको भनाई छ । उहाँले प्रेस युनियनबाट पार्टीले सिकेर आफ्ना क्रियाकलापलाई अघि बढाउनुपर्ने बताउनुभयो ।




## ३८ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः विश्व वातावरण दिवसको सन्दर्भमा हेटौंडा-१९, बस्तीपुरमा शुक्रबार बिहान रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ३८ जनाले रक्तदान गरेका छन् । टोल विकास संस्था वडा समन्वय समितिको आयोजनामा रक्तदान कार्यक्रम भएको हो । कार्यक्रममा हेटौंडा-१९ का वडा अध्यक्ष नरनाथ सुवेदीको पनि उपस्थिति रहेको थियो । यसअघि हेटौंडा-११, नवलपुरमा पनि विश्व वातावरण दिवसकै अवसरमा रक्तदान कार्यक्रम भएको थियो ।

# वीरबललाई सजाय



## अकबर वीरबलको कथा

अकबरको राज्यमा वीरबल गल्ती नगर्ने र जुनसुकै कुरा बुद्धिमानीपूर्वक गर्ने मन्त्रीमा गनिन्थे। मानिस न हो कहिले कुनै गल्ती हुन पनि सक्छ भयो त्यस्तै एउटा राजकीय काममा वीरबल उपस्थित नभएकाले राज्यलाई घाटा भयो। वीरबलको गल्ती खोजेर कारबाही गराउन लालायित अन्य मन्त्री र भारदारका लागि त्यो सुवर्ण मौका साबित भयो।

'महाराज ! वीरबलका कारण धेरै घाटा भएको छ कारबाही हुनुपर्छ।' धेरैले अकबरको कान फुके। आफ्नो कान फुक्नेहरु वीरबलको डाहाले भुतुक्कै भएका जमात हुन् भन्ने कुरा अकबरलाई रामैसँग थाहा थियो। कारबाही नै नहुने नजीर पनि उनी राख्न चाहँदैनथे। त्यसकारण एक दिन अकबरले सभाकै बीचमा वीरबललाई सोधे। 'हे वीरबल ! तिमी जस्ताले पनि ठूलो गल्ती गरेका छौँ ? भन तिमीलाई के सजायँ दिऊँ ?'

अकबरको प्रश्न सुनेर वीरबलले केहीबेर आफ्नो टाउकोमा छामे। उनको हात टुप्पीतिर पुग्यो। अक्सर कुनै गम्भीर विषयमा बिचार लिनु पर्दा वीरबल त्यसो गर्थे।

'सम्राट ! मलाई कारबाही गर्नुपर्ने क्षण आयो भने मैले छानेका न्यायकर्मीहरुबाट फैसला हुनुपर्छ भन्ने कुरामा हजूरले पहिले नै सहमति जनाउनुभएको याद छ ?' वीरबलले सोधे।

'हो याद छ।' अकबरले जवाफ दिए।

'छ भने मेरा अपराध उपर कारबाही गराउन पाँच ग्रामका मुखियाजीहरुलाई बोलाश्योस् सम्राट !' अकबरले भने। अकबरले हुन्छ भने र दरबारका संचार बाहकलाई बोलाएर पाँच गाउँका मुखियाजीहरुलाई भोली दरबारमा उपस्थित गराउनु भन्ने आदेश जारी भयो।

भोलिपल्ट बिहान सभाकै समयमा दरबारमा इजलास बस्यो। पाँच गाउँका मुखियाजीहरुलाई वीरबलबाट भएको भूलको जानकारी गराइयो। सबै बयान सकिएपछि मुखियाहरुले आ आफ्नो निर्णय सुनाए।

मुखिया १ – वीरबलले ७५ स्वर्ण सिक्का बराबरको भूल गरेका रहेछन्। यिनलाई १५० स्वर्ण सिक्का जरिवाना तिराउनुपर्छ।

मुखिया २ – मलाई यिनको परिवारको खूब माया लाग्यो। बिचरा भ्रष्टाचार नगर्ने र सधैँ गरीबको पक्षमा लाग्ने,यिनको पारिवारीक अवस्था कस्तो नै होला र ? त्यसकारण त्यसरी दोब्बर जरिवाना गराउनु हुँदैन। मेरा बिचारमा यिनलाई दोब्बरभन्दा केही कम तिराउनु अर्थात् १०० स्वर्ण सिक्का तिराउनु उपयुक्त हुने छ।

मुखिया ३ ले निकै सोचे। उनले मनमनै सोचे, जसले देशका लागी सधै मरिमेटेर काम गरेको छ र देशको मानमर्यादा कायम गराएको छ त्यस्ताबाट भएको सामान्य भूलबाट किन त्यत्रो सजायँ ? १०० स्वर्ण सिक्का भनेको यहाँ हो ? परिवार भोकै मर्दैनन् ? मुखिया ३ ले अकबरको सामुन्नेमा हात जोड्दै भने। 'महाराज ! उनले जानी जानी गरेको भूल होइन रहेछ। किन त्यतिका जरिवाना गराउने ? यिनलाई ७५ स्वर्ण सिक्का तिराए पुग्छ।'

चौथो मुखियाको पालो आयो। उनले बिचार गरे, सबैले सजायँ घटाउँद्रै आएका छन्। त्यो धर्म त मैले पनि पालना गर्नुपर्छ। के मलाई चाँहि यी मन्त्रीको परिवारको चिन्ता छैन र ? चौथो मुखियाले राजा अकबरति फर्के र भने, 'महाराज ! यी संसारकै ख्यातिप्राप्त मानिस हुन्। यिनलाई यिनले गरेको भुलको तृतीयांश मात्र जरिवाना तिराए पनि हुन्छ।'

पालो अन्तिम तथा पाँचा मुखियाजीको आयो। उनी अरुहरु भन्दा परिपक्व थिए। उनी अकबरको सामुन्नेमा हात जोडेर खडा भए। उनले भने, 'महाराज ! कसैले आफ्नो लागि सजायँ स्वीकार गर्छ भने त्यो आफैँमा राम्रो कुरा हो। यी महान् मन्त्रीका कामले यो मुलुकलाई सधैँ अरबौँको आम्दानी भएको छ। कुनै दिन आकस्मिक रुपमा ७५ सिक्का बराबरको भूल भयो त कुनै अनौठो कुरा भयो ? त्यसो भनेर क्षमादान दिनुपर्छ भन्न खोजेको होइन। यिनलाई रु १५० तिराएर मुलुक धनी बन्ने होइन। पटक्कै कारबाही नगरेर मुलुकका कारबाही छैन भन्ने सन्देश दिन पनि हुँदैन। हजूरले सोध्नुहोस् उनी आफै कारबाही नहुन मान्नेवाला छैनन्। त्यसकारण हजारौँ तिराए पनि जरिवाना हो रु १ तिराए पनि जरिवाना हो। रु. १ तिराउनु उपयुक्त हुन्छ।'

सबै मुखियाको पालो सकियो। अकबर आसनबाट उठे। उनले पाँचौ मुखियाको तर्कलाई मान्यता दिदैँ रु. १ को स्वर्ण मुद्रा तिनुपर्ने आदेश दिए। वीरबलले सबैलाई सम्मानपूर्वक नमन गरे। मुखियाजीहरु फर्किसकेपछि अकबरले वीरबललाई सोधे, 'हे वीरबल ! मुखियाजीहरुलाई तिमीले बोलाएका पनि होइनौ र तिम्रा नातेदार पनि होइनन् ? तर किन यिनीहरुले तिमीलाई कम सजायँ माग गरेर माया गरेका होलान् ?'

'हे हुजूर ! यो देशका बादशाह पनि मेरा आमातिरका पनि होइनन् र मामातिरका पनि होइनन् तर किन वीरबललाई माया गर्छन ? हो त्यस्तै हो। जहाँसम्म रह्यो मुखिया नै किन रोजेका भन्ने सवाल। मुखियाहरुका गाउँका मानिस हुन्। परिश्रम गरेर एक स्वर्ण मुद्रा बराबरको सामान जोर्न कति दुःख हुन्छ भन्ने कुरा यिनीहरुलाई थाहा छ। त्यही सोचले मैले यिनीहरुलाई छाने। उनीहरुले मेरा घरपरिवारलाई माया गरेका हुन्।' वीरबलको कुरा सुनेर अकबर गद्‌गद भए। उनले भने, 'यो देशको अकबरको विश्वासिलो मन्त्रीलाई यतिबेर सम्म इजलासमा उभ्याइयो यो नै उसको सजायँ हो। अकबरको आदेश सुनेपछि अरु मन्त्री र भारदार खिस्रिक्क परे।

# 'प्रतिबन्ध'

लघुकथा



श्यामप्रसाद श्रेष्ठ

"आज हामीलाई ऱ्यालीमा हिंड्नु पर्छ भनेर बोलाएको थियो, के विषय हो खोइ ?" उपस्थित मध्ये एकले भन्यो।

दोस्रो बोल्यो, "के हुनु नि ? सबै बिगाऱ्यो भनेर कुरा गरेको सुनेको थिएँ, त्यही डुङडुङ्ति गन्हाउने भ्रष्टाचारीहरुको विरोध गर्न त होला नि !"

पहिलो बोल्यो, "उ हामीलाई बोलाउने सर आउनु भयो।"

सबैलाई हेर्दै सरले भन्यो, "तपाईंहरु आइसक्नु भएको रहेछ, आज हामी हाम्रो सबैभन्दा ठूलो शत्रु जो आज देशभर व्याप्त छ, त्यसको विरोधमा आज हामी ऱ्याली निकाल्दैछौं। ऱ्याली पश्चात त्यसको नियन्त्रणका लागि प्रतिबन्धको घोषणा गर्दछौं। हामी कसैले पनि त्यसलाई अब घर भित्र मात्र हैन हाम्रो गाउँ, टोल, सहर नभित्र्याउने प्रतिवद्धता गर्नु पर्दछ, हुन्छ ?"

दोस्रो बोल्यो, "हुन्छ हजुर, त्यस्तो भ्रष्टाचारीलाई फेला पऱ्यो भने पाता कसेर लडाउनु पर्दछ भनी मैले यी डोरी ल्याएको छु।

"मैले त्यो भ्रष्टाचारीहरुको कुरा गरेको होइन, त्यस्तो भ्रष्टाचारीलाई कारबाही गर्न त प्रहरी, अदालतले गरि हाल्छ नि। त्यो भ्रष्टाचारी जस्तै अर्को शत्रु छ।" सरले स्पष्ट पार्न खोज्दै भन्यो।

पहिलो, "भन्नुहोस्, हामी त्यस्तो शत्रुलाई गाउँ, घर, सहरमा प्रवेशमा प्रतिबन्ध लगाउन पनि तयार छौं।"

सरले ढोका बाहिर हेर्दै भन्यो, "ए भाइ ! त्यो शत्रुलाई भित्र लिएर आउ त !"

एक व्यक्ति भित्र पस्यो।

उसलाई देखेर भिडबाट एक व्यक्ति बोल्यो, "यहि हो हाम्रो शत्रु। यसलाई सिध्याई दिउँ ?"

सर हतारिँदै बोल्यो, "पख ! पख ! यो होइन, ए भाइ ! त्यो शत्रु सबैलाई देखाइ देउ त।"

"आज हाम्रो देशमा सबैभन्दा जनधनको क्षति ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको पोलेथिनका झोलाहरुको प्रदुषणको कारणले भएको छ। यहि हो हाम्रो शत्रु, यहि कारण यसलाई आजै प्रतिबन्ध गर्नु पर्दछ" भनी उसले पोलेथिनको झोला देखाउँदै भन्यो। *हेटौंडा-६, चौघडा*

# "विभेदको टुङगो"

लघुकथा



पं.ज्यो.तोयनाथ सुवेदी

'जातिय उत्पिडन बन्द गरौँ' नारा घन्कदैं थियो। रामेले आँखी झ्यालबाट पुलुक्क बाहिर हेऱ्यो। सडक जातिय विभेद विरुद्धका नारा लेखिएका प्लेकार्ड र ब्यानर बोकेका मानिसले झकिझकाउ थियो।

टुप्लुक्क कटुवाल दाई आए, 'ए दाइ ! अहिलेको समयमा पनि यस्ता असमानता राख्ने ब्यानर र कार्डले झन् विभेदको बिकराल अवस्था ल्याउँदैनन् र ?' पहिले त सँगच्छध्वम्...

संवध्वम् संवोमनांसि जानताम्.... सँगै बाँचौ सँगै खाऔँ भन्ने वैदिक नाराले त हाम्रो समाजमा असल छाप छोड्न सकेका रहेनछन् भने झन् यस्ता नाराले त तिललाई पहाड बनाउने र बलेको आगोमा घिउको काम गर्दैनन् होला ? खै म त सम्म भाइ।

रामेले कुरा थप्यो, 'कानुनमा उल्लेख गरी दण्ड सजाय तोकेर कार्यान्वयन गरेपछि नारा घन्काई दिवस मनाएर मात्रै समस्या समाधान होला र ?' यसरी मात्रै कहाँ हुन्छ र ? हुँदैन नि भाइ।

सबैले थपे,' भाषणमा एउटा कुरा गर्ने अनि काम अर्कै गर्ने प्रचलित उखान जस्तै काम कुरो एकातिर कुम्लो बोकि ठिमीतिर जस्तै त होला नि, त्यस्तै त भइराखेको छ नि, जनतालाई दुःख दिने र सास्ती खेपाउने, फाइदा एउटाले लुट्ने।'

जे–जे भएपनि हामी उठ्नु र जुट्नुपर्छ हामी आफू सजग हुनुपर्छ, सबै नै मानव र रगत रातै भएकाले कर्म मार्गमा निखार ल्याउँदै एकम् सद्विप्रा बहुदा वदन्ति भने जस्तै एउटै टुङ्गोमा पुग्ने महानता र मानवता झल्काउने काम गरेर हामी अगाडि बढ्न सक्यौ भने जातीय विभेद अन्त्य गर्ने कुराको टुङ्गोमा पुगिन्छ भन्दै सबै निष्कर्षमा पुग्छन्।

# मेरो रातो झण्डा



सरोजप्रसाद साह

आँखाबाट आँसु झर्छ, कस्तो दुःख लागिसक्यो
रङ्गीचङ्गी जिन्दगीले, कस्तो मोड लिईसक्यो
मेरो रातो झण्डा आजकल फर्फराउन छोडिसक्यो
आँखाबाट आँसु झर्छ, कस्तो दुःख लागिसक्यो



हे ईश्वर ! कस्तो आपत् ल्याईदियौ
कोष-कोष काँप्न थाले
हे ईश्वर ! कस्तो रेखा कोरिदियौ
आनाहरु नै मिल्न छाडे

पूर्णिमाको रातमा पनि हिन औंशि लागिसक्यो
मेरो रातो झण्डा आजकल फर्फराउन छोडिसक्यो
धरहराको पीरको आँसु, अझै सुक्न बाँकी थियो
पीरमाथि पीर खस्यो, कस्तो तीर लागिसक्यो

मेरो रातो झण्डा आजकल फर्फराउन छोडिसक्यो
के बालक के वृद्ध अङ्ग-अङ्ग काँपिसक्यो
मेरो रातो झण्डा आजकल फर्फराउन छोडिसक्यो



# रगतले लेखिएको ईतिहास



मान्यता खतिवडा

रगतले लेखिएको इतिहास
हरा र वरा प्रकृति हाम्रो उच्च यो हिमाल
अनौठो भेष विश्वमै भिन्न हाम्रो यो नेपाल

रगतको इतिहास हाम्रो वीर गोर्खालीको
खस्न दिएन ताज कहिले नेपाली सिरको

बचाउँछु म देशलाई राखी ज्यानलाई पछाडि
रक्षा गरी राख्यौँ हाम्रो यो देशलाई अगाडि

जब आँखा खुल्छ यो धर्ती नेपालको नै होस्
जब आँखा बन्द हुन्छ याद नेपालकै होस्

देश यो मेरो मातृभूमि हो रगत यहाँको
देश यो मेरो जन्मभूमि हो तागत यहाँको

उत्तरको चिसो हिमाल दक्षिणको शितल
देश यो हाम्रो पवित्र छ जय जय नेपाल

कक्षा : ८, नवोदय शिशु सदन

# सुनौलो जीवन



युविशा बानियाँ

विद्यार्थी हौं हामी आदर सबैलाई गर्छौं
ठूलो लक्ष्य बोकी असल मान्छे बन्छौं
काँधमा छ भारी हातमा छ कलम
हिँड्छौं सधैं हामी सही कदम चाली

भोक निन्द्रा मारी हिँडेका छौं हामी
एकदिन प्राप्त गर्छौं सफलता शिखर
सपना छन् धेरै पूरा गर्नु छ सबै

ज्ञान लिन्छौं हामी गुरुबाट सधैं
विद्यार्थी हौं हामी झुक्दैनौं कहिले
आमा बुबा सधैं आशा गर्ने जहिले
पूरा गर्ने छु सबै सपना मैले

कक्षा १०, नवोदय शिशु सदन

# कृषिमा समस्या



नवीन श्रेष्ठ

खेतमा बाली, उर्वरक हालि, उब्जाऊछौ हामी,
उदेश्य हाम्रो, भयो नराम्रो, बन्ने ईच्छा नामी,
सुरक्षा हाम्रो, भयो नराम्रो, उद्योग धन्दाले,
हाल आएर, असर गर्यो, खाने ति बन्दाले ॥

किसान सब, गर्छन गफ, उर्वरक को आस,
नभए अरु, गर्छन खेती, उर्वरक नै खास,
सम्भव छैन, ल्याऊन मल, पर राष्ट्रवाट,
युग नै कस्तो, पैसा दिए नि, फैलाऊछौ हात ॥

सिचाई छैन, आस छ हाम्रो, आकासे पानीमा,
जीडीपी कम, धन्न रहेछ, देशले धानिरा,
उब्जाए पनि, हुदैन बिक्री, शिक्षाको कमीले,
खडेरी जान्छ, सदैव यहाँ, हेपेर नमीले ॥

नाम मात्र छ, काम नै छैन, विलोम छ काम,
पछि आएर, घुस खाएर, किसान् नै बद्नाम,
एक्कासी जोड, तोड र फोड, गर्नलाई छोड,
छोड् देऊ गर्न, वाद अरुको, जाऊ मकै गोड्न ॥

## गाउँखाने कथा

१. जन्म हुँदा लामा–लामा थिए केश पहिले, घस्रँदैमा केश जति झरिसके अहिले।
- कुचो

२. पगरी छ एउटै हाम्रो तीन भाइ, आगो फुकी पोली दिन्छन् हामी तिनैलाई।
- ओदान

३. भुनभुनाउने कीरा बस्छन् बास छ सानु, भित्रै बन्छ मीठो कुरा हुन्छ त्यसमा रानु।
- मौरीको घार

४. एक फुच्चे भुँडे चरी कालो पानी पिउँछ, मुखबाट छाड्यो (छाद्‌यो) भने ठूलो काम बन्छ।
- कलम

५. रातो गुदी हरियो छाला, घाममा खाँदा शीतल होला।
- खरबुजा

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं।
बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं।
समृद्ध समाज राष्ट्रिय दैनिक

# हे प्यारो राजा



**जनार्दन खनाल**

हे प्यारो राजा
समय पनि सिनेमा रील सरी झैं गएछ
दरबार हत्या भएको पनि धेरै नै भएछ
हिजोको जस्तो लाग्दछ दिन लाग्दैन पत्यार
आश्चर्यमय घटना घट्यो सुन्दामा खबर ॥१ ॥

नेपाली सबै चिन्तित भए दुःखद खबर
राजाको वंश विनासै हुँदा चकित संसार
विरेन्द्र वंश नासिए सबै ज्ञानेन्द्र बाँचेका
अरुको मृत्यु भएको हुँदा अनौठो ठानेका ॥ २ ॥

यी शाह वंशहरुमा राजा विरेन्द्र उदार
भएर केही सुकार्य गर्दै जनतामा सुधार
चाँडै नै दिए बहुलै दल जनता नमार
जनता मारी म हुन्न राजा भएको के सार ॥ ३ ॥

नेपाली जनहरुको इच्छा बुझ्नको चाहना
बुझ्नको लागि विकास क्षेत्र गर्दथे भ्रमण
समस्या बुझ्थे आदेश दिन्थे त्यहाँको समस्या
मिलाई दिनु हे प्रतिनिधी यहाँको अवस्था ॥ ४ ॥

छत्तीस साल भुट्टोको फाँसी दिएको कारण
बिरोध गरे विद्यार्थी मिली स्वतन्त्र जीउन
राष्ट्रनै भरी विद्रोह भयो राज्य नै झस्कियो
जनताको माग स्वीकार गर्न अनि पो तम्सियो ॥ ५ ॥

संघर्षहरु चर्कदै गयो विद्यार्थी हरुका
त्यै मौका छोपी सबै नै दल पछाडी लागेका
जनताको मत कदर गर्छु जनमत संग्रह
गरेर आओ मागेको दिन्छु नगर बिद्रोह ॥६ ॥

व्यवस्था यही सुधार गरी अगाडि बढ्ने कि ?
बहुल दल खोल्नको लागी फुकुवा गर्ने कि ?
दुईमा रोज जनता मेरा यीनले के भन्छन्
तयारी म छु नलेउ पीर राज्यले गर्दछन् ॥ ७ ॥

हे प्यारो राजा विरेन्द्र तिमी जनता दुखमा
नपरुन् भन्ने सोचमा थियौं बिचरा मनमा
बहुल दल आएमा हाम्रो औकात मेटिन्छ
राजाको सान हुँदैन मान इज्जत घटिन्छ ॥ ८ ॥

पन्चको थियो पहेंलो चिन्ह बहुल्को नीलो हो
जीतेको थियो बहुलवादी षडयन्त्र गरीयो
आसेर पासे दरबार मिली बहुल हराए
सुधार गर्ने शर्तको जीत राज्यले गराए ॥ ९ ॥

महेन्द्र जस्तो थिएनौ तिमी नेपाली जनमा
बसेका थियौं प्रजाको प्यारो भएर मनमा
दुईटा ठूला छिमेकीहरु बीचमा नेपाल
विश्वमै सानो गरीब राष्ट्र सर्वोच्च हिमाल ॥ १० ॥

दुवैको भर नपरी हामी बाँच्नमा कठीन
हुने नै देखि दुवै नै सीत गरेर समान
राखेका थियौ विश्वका सामु शान्तिको प्रस्ताव
प्रजाको प्रेमी हे शान्ति प्रियो अलग्गै स्वभाव ॥ ११ ॥


दरबार भित्र भोजको बेला भएको विनास
यतिका वर्ष बितिनै सक्यो भएन निकास
विभत्स हत्या सम्झदा खेरी आँखामा भल्भली
भरिन्छ आँसु श्रद्धाले दिन्छु यो शब्द अन्जली ॥१२ ॥

## प्रतिभा आविमा छात्रवृत्ति वितरण

हेटौँडाः हेटौँडा-१२, सिग्रेनीस्थित प्रतिभा आधारभूत विद्यालयमा छात्रवृत्ति वितरण गरिएको छ । शुक्रबार बिहान विद्यालयले छात्रा छात्रवृत्ति ८८ जनालाई र दलित छात्रवृत्ति १६ जनालाई वितरण गरिएको विद्यालयका प्रधानाध्यापक कमल लामाले जानकारी दिनुभएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविकुमार प्रधानको उपस्थितिमा छात्रवृत्ति वितरण गरिएको हो । शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त ३३ हजार २ सय रुपैयाँमा २ हजार रुपैयाँ विद्यालयले नै थप गरेर कुल ३५ हजार २ सय रुपैयाँ छात्रवृत्ति वितरण गरिएको प्रधानाध्यापक लामाले जानकारी दिनुभयो ।

# बालविवाह



**सदीक्षा नेपाल**

सानै उमेरमा बालक भागी विवाह गर्छन्
बालविवाहको अपराधमा कारागारमा पर्छन्
पढ्ने, लेखने उमेरमा माया गरी गए
आजकालका बालकहरु बिग्रिएका भए ।

हातमा कलम बोक्ने उमेर चुरा लगाँउछन्
पछि गएर आफैले धेरै दुःख पाउँछन्
बालविवाह सामाजिक समस्या मध्य हुन्
अहिले गलत कदम उठाई नपरोस् है रुन ।

उम्रिन नपाउँदै माया पिरिम गर्छन्
पछि गएर साइबरक्राइम जस्ता घटनामा पर्छन्
अहिलेदेखि यो कुरामा सचेत हुँदै साथी
शिक्षा भन्दा ठुलो अरु केहि छैन माथि ।

कक्षा-७
बालजागृति इंग्लिस सेकेण्डरी स्कूल
हेटौंडा-२

# केही त गर्नु पर्‍यो नि



**करिशा हाडा**

विद्यार्थी जीवन हो साथी
मिहिनत त गर्नु पर्‍यो नि
तारा चम्के झैं राति
आफ्नो नाम पनि चम्काउनु पर्‍यो नि

विद्यार्थी जीवन हो साथी
खेलकुद त भै हाल्छ नि
लक्ष्यलाई छुने जति
आँट त हुनु पर्‍यो नि

विद्यार्थी जीवन हो साथी
सङ्घर्ष त गर्नु पर्‍यो नि
भविष्य उज्यालो बनाउनका लागि
राम्रो बाटोमा त हिँड्नु पर्‍यो नि

विद्यार्थी जीवन हो साथी
आँखामा सपना त भरेको हुन्छ नि
सपना साँचो बनाउन
पसिना त बगाउनु पर्‍यो नि

कक्षा : १०, नवोदय शिशु सदन

# मुक्तक



**अजिता ओझा**

मुक्तक -१
मलाई गिराउन दुनियाँसामु गरे तमासा बुझ्नै सकिन
बाहिरबाट किन देखाए त्यो अभिलाषा बुझ्नै सकिन
आफ्ना लागि नजिक भएका रहेछन् मलाई पर्दा टाढा भए साथीहरू
मैले आजसम्म पनि साथीको परिभाषा बुझ्नै सकिन

मुक्तक -२
सूर्योदयदेखि सूर्यास्तसम्म देखिन्छ ल हेर्नुस् संसार सारा देखिन्छ
मनोरम दृश्य देखिन्छ गज्जबको हिमालको काखमा रारा देखिन्छ
हजुरको महलभन्दा त कयौं गुणा उत्कृष्ट छ महोदय मेरो झुपडी
नपत्याए हेर्न आउनुस् बिस्ताराबाटै जुन देखिन्छ तारा देखिन्छ ।

# प्यारो नेपाल



**भवानी खड्का**

विद्यालय जाउँ साथी ज्ञान आर्जन गर्न
तिमी हामी नै अघि सर्नु पर्छ देशको विकास गर्न ॥

हामी सबैको जन्मभूमि हो प्यारो नेपाल
देश निर्माण गर्नुअघि साथी तिम्रो गाउँ सपार ॥

ती वीर सहीद जस्तै हामी पनि अघि बढ्नुपर्छ
विदेशीहरुले सीमा मिच्न लाग्यो भने युद्ध पनि लड्नुपर्छ ॥

एक-एक गरी अन्त्य गरौं नेपालमा भएको भ्रष्टाचार
ती विदेशीहरुलाई देखाउनु पर्छ नेपालको चमत्कार ॥

हामी सबै मिली अन्त्य गरौं हत्या, हिंसा, बलात्कार
आजलाई यतिनै विदा पाउँ हस्त नमस्कार ॥

कक्षा-९,
चण्डिका मावि, मकवानपुरगढी-२

# शिक्षक



**दिपिका बिडारी**

मेरो प्यारो शिक्षक
शिक्षा दिनुहुन्छ
शिक्षा दिनु भएन भने
मेरो मन त रुन्छ ।

शिक्षकलाई सम्मान गर्छु हात जोडी जोडी
काहिँ पनि जान्न म त हजुरलाई छोडी
जानु छैन मलाई पनि रुँदै मन तोडी
शिक्षकसँग शिक्षा म त धेरै लिन्छु ।

शिक्षक नभई हामीलाई केही पनि हुन्न
बरु साथी नभई मेरो मन त्यती रुन्न
शिक्षकले पढाउँदा म त राम्रो ध्यान दिन्छु
शिक्षकसँग शिक्षा म त धेरै लिन्छु ।

पढाईमा त म कहिले शीर झुकाउँदिन
आफ्नो सत्य आफ्नो बोली कहिले लुकाउँदिन
शिक्षासँग बरु म लडे पनि लड्छु
धेरै म त अघि बढ्छु धेरै-धरै पढ्छु ।
*कक्षा-६, अमर मावि*

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**ः महत्वकांक्षा पूरा हुने समय रहेको छ । दुरगामी फाइदा बटुल्न सकिएला । सहकर्मी छिमेकी आदिबाट प्रशंसा प्राप्त गरिने समय छ । दाम्पत्य सम्बन्ध ठिकै रहला । यात्रा योग र भेटघाटमा समय व्यतित होला । प्रत्यक्ष अनुभूतिमा आधारित कुरामा मात्र विश्वास गर्नुपर्ला । व्यापार–व्यवसाय मध्यमकारक रहला । अध्ययन–अध्यापन मध्यमकारक रहला ।

**वृष राशि**ः श्रमिक र साहसी काम वा खेलकुदका क्षेत्रमा उत्साह वृद्धि हुने समय छ । घर–व्यवहारमा काममा खर्च बढ्ला । व्यक्तिगत चाहना र स्वास्थ्य स्थितिलाई बेवास्था नगर्दा राम्रो । आहार–बिहार व्यायामका काममा समय बित्ला । राम रमाइलोलाई समय छुट्याऊनु पर्ला । शत्रु र प्रतिद्धन्द्धीसँग सजगता अपनाउँदा राम्रो । अनावश्यक चिन्ताले सताउँला । धार्मिक र पढाइ–लेखाइ ठिकै रहला ।

**मिथुन राशि**ः समय ठिकै छ । सरस्वतीले ज्ञान, सीप बढाउने काममा सहयोग पुग्ला । साहित्यिक बौद्धिक र प्राज्ञिक गतिविधिमा रहेका व्यक्तिले प्रतिष्ठा र धन कमाउनु होला । स्वास्थ्य सबल रहने समय योग छ । व्यापार–व्यवसायमा समय व्यतित होला । मनस्थिति असन्तुलन होला । भावना र कल्पनामा केन्द्रित भइएला ।

**कर्कट राशि**ः मानसिक अस्थिरता प्राप्त होला । काममा ढिला सुस्ती दौडधूप बढ्न सक्छ । व्यापार–व्यवसायमा पछि परिने समय योग छ । महत्वपूर्ण निर्णय लिँदा जिम्मेवार व्यक्तिसँग सल्लाह लिँदा राम्रो । कार्यक्षेत्रमा विशेष मिहिनेत र श्रमले पूर्णता हुनेछ । शारीरिक थकान र अल्छीपन बढ्ला । धार्मिक र सामाजिक अनि लेखाइ–पढाइमा समय बित्ला ।

**सिंह राशि**ः पराक्रम र उत्साहमा वृद्धि हुने समय योग छ । सहयोगीहरुले साथ दिने समय छ । काममा सोचे जस्तै सफलता मिल्ला । शत्रु र प्रतिद्वन्द्वी अनुकूल बन्लान् । मिठो भोजन प्राप्त हुने समय छ । सहकर्मीको सहयोगले जागिरमा पूर्णता प्राप्त होला । पढाइ–लेखाइ मध्यमकारक रहला । धार्मिक र परोपकारजन्य काममा सरिक भइएला ।

**कन्या राशि**ः धनार्जनका मनग्ये अवसरहरु प्राप्त होला । जग्गा जमिन र पैतृक सम्पत्तिको उपयोगबाट धनार्जन होला । भविष्यको सुनिश्चितताका लागि लगानी बढाइएला । राम रमाइलोमा मन जाला । व्यक्तित्व विकासमा मद्धत मिल्ला । सामाजिक तथा धार्मिक अनि परोपकारजन्य काममा सरिक भइनेछ । पढाइ–लेखाइ मध्यमकारक छ ।

**तुला राशि**ः समय ठिकै छ । बौद्विक तथा पढाइ– लेखाइका क्षेत्रमा प्रगति हुने समय छ । यात्रा योग र लाभ अनि भेटघाट प्राप्त होला । स्थिर काममा निवेश र लगानीको वातावरण प्राप्त होला । रोकिएको धन हात पर्ला । धार्मिक तथा परोपकारमा लागिएला । व्यापार–व्यवसाय मध्यमकारक होला । आत्मबल र प्रेरणा जुटाइने समय योग छ ।

**वृश्चिक राशि**ः एकाग्रतामा कमी हुने समय छ । भावनाको वेगलाई बुझ्दा राम्रो होला । वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला । मनको आकर्षण बढ्ने समय योग छ । अध्ययन–अध्यापन तथा धार्मिक र परोपकारजन्य काममा सरिक भइने समय छ । दौडधूपमा समय व्यतित होला । ताला साँचो व्यवस्थित गर्दा राम्रो । काममा बाधा बेहोर्नुपर्ला ।

**धनु राशि**ः स्वास्थ्यका दृष्टिकोणले उत्तम समय छ । प्रफुल्ल मनस्थिति रहनाले इच्छित कार्य सम्पन्न हुनेछ । आर्थिक स्तरमा सुधार आउला । दाम्पत्य सम्बन्धले नयाँ उचाइ प्राप्त । ख्याल ठट्टा र राम र मौसमा समय व्यतित होला । साँझेदारीका लागि अनुकूल समय योग छ । व्यापार– व्यवसाय ठिकै छ । सामाजिक र परोपकार जन्य काममा सरिक भइने समय योग छ ।

**मकर राशि**ः कार्यक्षेत्रमा सक्रिय भएर खटिने समय छ । व्यक्तित्व विकास र महत्वकांक्षा बढ्ने समय योग छ । प्रतिस्पर्धात्मक परीक्षा प्रतियोगितामा सफलता प्राप्त । नोकरीमा सानो प्रयासले रोकिएका कामहरु बन्ने छन् । इच्छाशक्ति बढ्नुका साथै धार्मिक तथा सामाजिक क्रियाकलापमा सरिक भइने छ । पढाइ–लेखाइ मध्यमकारक रहने समय योग छ ।

**कुम्भ राशि**ः अनुशासनको पालना गर्दा दुर्घटना र समस्याबाट सुरक्षित भइने समय छ । धार्मिक तथा दार्शनिक विषयमा मनको आकर्षण बढ्ने छ । सामर्थ्य र कमजोरीका बारेमा चिन्तन गरी योजनावाद भएर जुट्नुपर्ला । असम्भव काम पनि बन्ने योग छ । पदप्रतिष्ठामा अभिवृद्धि होला । अध्ययन–अध्यापनका काममा समय व्यतित होला ।

**मीन राशि**ः व्यापार–व्यवसायमा मन्दी छाउने छ । बाँकी बक्यौता उठाउने अवसर आउँला । डुबेको वा गुमेको सम्पत्ति हात पर्ला । नोकरीमा पुराना समस्याहरु बल्झिएलान् । स्वास्थ्यमा देखिएका समस्याहरु समाधान होलान् । पढाइ–लेखाइ मध्यमकारक रहेको देखिन्छ । लेनदेनमा विवाद बढ्ला । धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।


भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

*प्रथम पटक सुचना प्रकाशित मिति २०८०/०२/२० गते*

**विपद् जोखिम क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खननका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना**

यस भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णयानुसार River Bed Level उच्च भई विपदका दृष्टिकोणले जोखिममा रहेका देहायका क्षेत्रका नदी/खोला/खहरेको Over Bottom परिमाण (नदीजन्य पदार्थ) व्यवस्थापन गर्नुपर्ने भएकाले गाउँपालिकाले तोकेको विधि, प्रकृया र मापदण्डको पालना गरी आफ्नै औजार वा मेसिन प्रयोग गरेर उत्खनन् तथा संकलन गरी खरिद गर्न ईच्छुक व्यक्ति, संस्था, फर्म वा कम्पनीले आफुले उत्खनन्/संकलन गर्न चाहेको क्षेत्र र आवश्यक परिमाण तथा सो को शुल्क भुक्तानी गर्ने प्रतिबद्धता सहित यो सूचना प्रकाशित भएको मितिले ३(तिन) दिनभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन सरोकारवाला सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः-**
**ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको व्यवस्थापन गर्नुपर्ने क्षेत्र र परिमाणः-**
१. भीमफेदी-१ टौवासस्थित राप्तीखोला क्षेत्रबाट- ७९२० घ.मि.
२. भीमफेदी-६ भीमफेदी, पारीबजारस्थित लामखोला र चिसापानी खोला क्षेत्रबाट-द्दघडढछ घ.मि.
३. भीमफेदी-३/४ पान्द्राङस्थित राप्तीखोला क्षेत्रबाट- १७४६ घ.मि.
४. भीमफेदी-३ आँपचौर, दुबेचौरस्थित आँपचौर खोसा क्षेत्रबाट- ४०२७.५ घ.मि.

**(प्रमुख प्रशासकीय अधिकृत)**

**पुनश्चः-**
१. प्रस्तावकको प्रस्ताव स्वीकृत गर्ने/नगर्ने तथा कसलाई कुन क्षेत्रबाट कति परिमाण उत्खनन्/संकलन गर्न दिने भन्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।
२. नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यालयले तोके बमोजिम हुनेछ ।

### अवरोधपछि १२ र १४ नम्बरबीचको खेल स्थगित

# १ नम्बर वडा क्वाटरफाइनल प्रवेश



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी तेस्रो मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत् शुक्रबारको दोस्रो खेल अवरोधपछि स्थगित भएको छ । १२ र १४ नम्बरबीच भइरहेको खेल खेलाडी र समर्थकहरुको अवरोधपछि स्थगित भएको नगर खेलकुद विकास समितिका सदस्य सुरेश मिजारले जानकारी दिनुभयो ।

निर्धारित समयमा १० मिनेटको खेल चल्दा १४ नम्बर वडाले १२ नम्बर वडाविरुद्ध २-० को अग्रता बनाएको थियो । १४ नम्बरले गरेको गोलहरुलाई असन्तुष्टि जनाउँदै १२ नम्बर वडाका खेलाडी र समर्थकहरुले खेल अवरोध गरेका हुन् । उनीहरुले निर्णायक टोलीहरुको निर्णयलाई असन्तुष्टीसमेत जनाएका थिए । स्थगित खेल शनिबार बिहान गर्ने गरी तयारी थाल्ने सदस्य मिजारले बताउनुभयो ।

प्रतियोगितामा शुक्रबार दिउँसो भएको भएको खेलमा १ नम्बर वडा विजयी हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा ५ नम्बर वडालाई ४-२ गोलअन्तरले हराउँदै १ नम्बर वडा क्वाटर फाइनलमा प्रवेश गरेको हो ।

१ नम्बरलाई जित दिलाउन विशाल श्रेष्ठ, विकेक पौडेल, संगम थुलुङ र जेनिश थपलियाले एक-एक गोल गरे । खेलको म्यान अफ द म्याच १ नम्बर वडाका सुमन आले मगर घोषित भए । ५ नम्बरका लागि टीकाप्रसाद चौलागाईले एक गोल गरे भने एक गोल आत्मघाति उपहार पाएको थियो ।

खेलको सुरुवाती समयमा २ गोलको अग्रता लिएको ५ नम्बरले अग्रता जोगाउन नसक्दा हार व्यहोर्नु परेको हो । जितसँगै १ नम्बर वडाले सेमिफाइन प्रवेशका लागि सोमबार ११ नम्बर वडासँग खेल्नेछ । प्रतियोगिताअन्तर्गत् शनिबार क्वाटरफाइनल प्रवेशका लागि २ नम्बर वडा र १७ नम्बर वडाबीच र ८ नम्बर र १९ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको विजेताले नगद २ लाख, उपविजेता १ लाख ५० हजार, सेमिफाइनलमा पराजित हुने २ वटा टिमले ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई १५ र उत्कृष्ट खेलाडीहरुलाई ५/५ हजार रुपैयाँ नगदसहित शिल्ड एवम् मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ ।

# नीति तथा कार्यक्रम अहिलेसम्मकै उत्कृष्टः मुख्यमन्त्री जम्कट्टेल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम अहिलेसम्मकै उत्कृष्ट भएको दावी गर्नुभयो । प्रदेश सरकार गठन भएपश्चातकै उत्कृष्ट नीति तथा कार्यक्रम भएको मुख्यमन्त्रीले दावी गर्नुभएको हो ।

बागमती प्रदेशको नीति तथा कार्यक्रमाथि छलफलको तेश्रो दिनको बैठकमा प्रदेशसभा सदस्यहरुले राखेको सुझाव तथा जिज्ञासको जवाफ दिँदै उहाँले यस्तो बताउनुभएको हो । मुख्यमन्त्री जम्कट्टेलले सदस्यहरुले संशोधनका रुपमा पेश गरेका प्रस्ताव सबै बजेटमा समावेश हुने जानकारी गराउनुभयो । सरकारले तयार पारेको नीति तथा कार्यक्रमको फाइल खाली आउँदा त्रुटी भएको बताउँदै आगामी दिनमा त्यस्तो त्रुटी नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । नीति तथा कार्यक्रममा ३ तहको सरकारबीचको समन्वयलाई जोड दिएको, प्रदेश गौरवको आयोजनाको घोषण गरिएको बताउँदै नीति बनाएर गौरवको आयोजनाका काम गर्ने बताउनुभयो ।

मुख्यमन्त्री जम्कट्टेलले १३ वटा प्रादेशिक अस्पताल प्रदेशमा रहेको जानकारी गराउँदै प्रत्येक स्थानीय तहमा १५ सैयाको अस्पताल निर्माण सम्भव नभएकाले आवश्यकताको आधारमा एक निर्वाचन क्षेत्र एक अस्पतालको योजना ल्याइएको बताउनुभयो । प्रदेश सरकारले एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिएको उहाँले जानकारी दिनुभयो ।

सरकारले माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको बताउँदै उहाँले सरकारले शिक्षा नीति बनाउने, युवालाई तालिम दिने र रोजगारी पनि दिने नीति लिएको जानकारी दिनुभयो । सरकारले पहिला गरिबको पहिचान गर्ने, गृहिणी महिला, उद्यमी महिलाहरुसँग सरकार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो । सरकारले कृषि क्षेत्रलाई आधुनिक तरिकाले लैजाने खालको नीति लिएको, कृषि पुरानो ढंगले गरेर उत्पादन वृद्धि गर्न नसकिने बताउँदै उत्पादकत्व वृद्धि र रोजगारीमा जोड्ने, रासायनिक मलको नारा लाग्ने गरेकोमा सरकारले प्राङ्गारिक मलको उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो । प्रादेशिक सरकारले गुरुयोजनालाई समायोजन गरेर जानुपर्ने बताउँदै पर्यटन तथा संस्कृति मन्त्रालयले पुराना खालको भ्यू टावर नबनाउने बताउनुभयो ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

# ईसीडी शिक्षकका लागि मन्टेश्वरी तालिम

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले प्रारम्भीक बाल विकास (ईसीडी) शिक्षकका लागि मन्टेश्वरी तालिम सुरु गरेको छ । बिहीबारबाट बागमती-४ स्थित महाबुद्ध आधारभूत विद्यालयको तालिम हलमा तालिम सुरु भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले जानकारी दिनुभयो ।

बिहीबारदेखि शनिबारसम्म पहिलो चरणमा १ नम्बर वडादेखि ५ नम्बर वडाभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई तालिम आयोजना गरिएको हो । तालिममा भीमा राई, मुना राई, विजया सुब्बा, माइकल राई, वीरबहादुर राईले सहजीकरण गर्नुभएको छ । विभिन्न प्रयोगात्मक, व्यवहारिक ज्ञान तथा सीपसम्बन्धी प्रशिक्षण दिइएको हो ।

पहिलो चरणको तालिममा ईसीडी शिक्षक २९ जना र प्रशिक्षक र सहजकर्ता ९ जना गरी ३८ जनाको उपस्थिति रहेको छ । आइतबारदेखि मंगलबारसम्म ६ नम्बर वडादेखि ९ नम्बर वडाभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुहरुलाई तालिम दिइने घलानले बताउनुभयो ।

शिक्षा विकास निर्देशनालय बागमती प्रदेश र पालिकाबीच भएको सम्झौताअनुसार हाल सञ्चालनमा रहेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि तालिम आयोजना गरिएको घलानले बताउनुभयो । पालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमअन्तर्गत् अभिमुखीकरण, घरधुरी सर्वेक्षण, विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्यांक संकलन गरिएको बताउनुहुँदै घलानले अभिभावक चेतना कार्यक्रमअन्तर्गत् अहिले वडाहरुमा सडकनाटक प्रदर्शन सुरु गरिएको बताउनुभयो ।

# महिला उद्यमीको प्रदेशस्तरीय २ दिने गोष्ठी सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुर महिला उद्यमी व्यवसायी संघको २ दिने कार्यशाला गोष्ठी सुरु भएको छ । मकवानपुर महिला उद्यमी व्यवसायी संघको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा शुक्रबारबाट हेटौंडामा बागमती प्रदेशस्तरीय महिला उद्यमी व्यवसायी कार्यशाला गोष्ठी २०८० सुरु भएको हो ।

गोष्ठीमा बागमती प्रदेशमा रहेका महिला उद्यमी व्यवसायीहरु उपस्थित रहेका छन् । गोष्ठीमा प्रदेशका विभिन्न उद्योग बाणिज्य संघमा आवद्ध भएका २५ वटा संस्थाबाट महिला उद्यमीहरु सहभागी रहेका छन् । कार्यशाला गोष्ठीमा मकवानपुर महिला उद्यमी व्यवसायी संघकी अध्यक्ष सुशीला पाण्डेको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्य रहेको थियो ।

गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री लामाले पछिल्लो समय घरेलु तथा साना उद्योगको सहायताले महिलाई उद्यमी बन्न सहयोग गरेको बताउनुभयो । उहाँले महिलाले पनि सशक्त भएर उद्योग खोल्न सक्ने बताउनुभयो । महिलाहरु घरेलुमा मात्र सिमित नभई ठूला उद्योग सञ्चालन गर्न सुझाव दिनुभयो । बागमती प्रदेश सरकारले आर्थिक वर्षको नीति तथा कार्यक्रममा महिलाको उद्योगलाई प्रोत्साहन दिने नीति लिएको बताउँदै मन्त्री लामाले महिलाहरुले उद्योग सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यशाला गोष्ठीमा मकवानपुर महिला उद्यमी व्यवसायी संघकी अध्यक्ष पाण्डेले २०७० भदौ ३० गते संस्थाको स्थापना भएको स्मरण गराउनुभयो । स्थापनाकालमा धेरै चुनौती आएको बताउँदै उहाँले चुनौतीको सामना गरेर आइपुग्दा अब्बल हुन सफल भएको जानकारी दिनुभयो । महिलाहरुलाई उद्यमी बन्न प्रेरित गराउन, उद्योगी बन्न आवश्यक पर्ने कुरा सिकाउन कार्यशालाको आयोजना गरिएको अध्यक्ष पाण्डेको भनाई छ । कार्यशाला गोष्ठीमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले उद्योग सञ्चालन गर्दा आउने समस्या समाधानको विषयमा छलफल हुने बताउनुभयो । उद्योगीहरुले रहरमा र आवेशमा आएर उद्योग सञ्चालन नहुने भएकाले गोष्ठीले कसरी कार्य गर्ने भन्ने कुरा उठान गर्नेमा जोड दिनुभयो ।

### भुटनदेवीमा विद्यार्थीको चुनाव

# स्कूल क्याप्टेन, भाइस क्याप्टेन छानिए

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको क्याप्टेनमा २ सय ४२ मत प्राप्त गरी मन्दीप यादव विजयी भएका छन् । ९ कक्षाका यादवले अरु ३ जना प्रतिस्पर्धीलाई पराजित गर्दै स्कूल क्याप्टेनमा निर्वाचित भएका हुन् ।

शुक्रबार बिहान निर्वाचन भएको निर्वाचनमा कक्षा ८, ९ र १० मा अध्ययनरत ५ सय २ जना विद्यार्थीले मतदान गरेका मतदान अधिकृत संगीता उप्रेतीले जानकारी दिनुभयो । यस्तै भाइस क्याप्टेनमा २०१ मत प्राप्त गरी विक्रान्त सिंह राजपुत निर्वाचित भएका छन् । भाइस क्याप्टेनमा ५ जनाको उम्मेदवारी परेको थियो । यस्तै रेड हाउस क्याप्टेनमा राहुल प्रसाद जैसवाल, भाइस-क्याप्टेनमा अमन बनियाँ, ब्लु हाउस क्याप्टेनमा आरभ यादव र भाइस-क्याप्टेनमा प्रिन्सा पोखरेल, ग्रिन हाउस क्याप्टेनमा आदित्य मिश्र, भाइस-क्याप्टेनमा सुशान्त यादव, यल्लो हाउस क्याप्टेनमा सुर्जनी अर्याल र भाइस-क्याप्टेनमा शक्ति रौनियार विजयी भएका छन् ।

विद्यार्थीलाई निर्वाचनको प्रक्रियाका बारेमा जानकारी गराउन र आगामी दिनमा विद्यालय प्रशासन र व्यवस्थापन समितिमा समेत विद्यार्थी प्रतिनिधिको रुपमा भूमिका निर्वाह गर्न क्याप्टेन, भाइस क्याप्टेनको निर्वाचन गरिएको प्रधानाध्यापक माधवप्रसाद दाहालले बताउनुभएको छ । चार वटा हाउससहित स्कूल क्याप्टेन र भाइस-क्याप्टेन १० जनाका लागि ५५ जनाको उम्मेदवारी परेको थियो ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# आँचलको वृहत् साहित्यिक तथा सांस्कृतिक कार्यक्रम सुरु

समाज संवाददाता

हेटौंडाः आँचल साहित्य कला पुञ्ज मकवानपुरको आयोजनामा शुक्रबारदेखि वृहत् साहित्यिक तथा सांस्कृतिक कार्यक्रम-२०८० सुरु भएको छ । पुञ्जकी अध्यक्ष भावना सापकोटाको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा दुई दिने कार्यक्रम सुरु भएको हो ।

उपमहानगरप प्रमुख लामाले कला, संस्कृति र परम्पराको जगेर्ना गर्न कार्यक्रमले सहयोग पुग्ने बताउनुभयो । पहिलो दिन आधारभूत तहस्तरीय नृत्य प्रतियोगिता भएको छ । प्रतियोगितामा हेटौंडा-५, पिप्लेमा रहेको बालज्योति माध्यमिक विद्यालय प्रथम, हेटौंडा-४ मा रहेको ब्रह्मदिक एकेडेमी द्वितीय, हेटौंडा-५ मा रहेको जीएस निकेतन तृतीय र सिद्धार्थ शिशु सदन सान्त्वना भएका छन् ।

प्रतियोगितामा १९ विद्यालयका विद्यार्थी समूहले नृत्य प्रस्तुत गरेका थिए । आधारभूत तहस्तरीय नृत्य प्रतियोगितामा पर्वत राई, पेमा लोप्चन र प्रलय चौलागाईले निर्णायकको भूमिका निर्वाह गर्नुभयो ।

कार्यक्रममा लैङ्गिक अधिकार हाम्रो सरोकार शीर्षकमा बहस गरिएको छ । रजनी पौडेलले सहजीकरण गर्नुभएको कार्यक्रममा अधिवक्ता मदन दाहाल, सामाजिक अभियन्ता कमला सुवेदी र बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका चन्दा व्यञ्जनकारले बहसकर्ताको भूमिका निभाउनुभयो । बहस कार्यक्रममा मुना अर्यालको अभिभावकत्व रहेको थियो ।

सुर संगमबारे नीरा शर्मले सहजीकरण गर्नुभयो भने प्रमेन्द्र महर्जनले अभिभावकत्व निभाउनुभयो । यसैगरी, अन्तिम दिन शनिबार लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आवाज शीर्षकमा रचना वाचन, साहित्यमा लैङ्गिक सवाल, हास्यव्यङ्ग्य प्रस्तुति र कविता, गजल, मुक्तक, सूत्रकथाबारे सहजीकरण गरिनेछ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना

हेटौंडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौंडा-४, अजरअमररोडबाट हेटौंडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।
हाम्रो सुमो सेवा-२
हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)
०५७-५२५९८८/५२३९८८
हटलाइनः ९८५५०-७२२८८

स्वादिष्ट नेवारी खाजा



अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ